**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**

**माननीय न्यायाधीश श्री श्री टेकप्रसाद ढुङ्गाना**

**फैसला**

०७५-CR-११९६

<u>मुद्दाः-ज्यान मार्ने उद्योग।</u>

युडुङ गुरुङको छोरा साबिक का.जि.का.म.न.पा वडा नं २९ को घर भई का.जि.का.म.न.पा.वडा नं. १६ पकनाजोल डेरा गरी बसी हाल जिल्ला मनाङ्ग, निसाङ्ग गाउँपालिका वडा नं. ४ मा घर भई हाल कारागार कार्यालय डिल्लीबजार काठमाडौंमा थुनामा रहेका वर्ष ५० को दिपक मनाङ्गे भन्ने राजीव गुरुङ.........१ — **पुनरावेदक प्रतिवादी**

**विरुद्ध**

इन्दिरा गुरुङको जाहेरीले नेपाल सरकार..........................................१ — **प्रत्यर्थी वादी**

| | |
|---|---|
| सुरु फैसला गर्ने अदालतः- | काठमाडौं जिल्ला अदालत |
| सुरु फैसला गर्ने न्यायाधीशः- | मा. जि. न्या. श्री नारायणप्रसाद दाहाल |
| सुरु फैसला मितिः- | २०६३/१०/०७ |
| मुद्दा नं.ः- | २०६२ सालको स.फौ.-१५३३ |
| पुनरावेदन तहमा फैसला गर्ने अदालतः- | पुनरावेदन अदालत पाटन |
| पुनरावेदन तह फैसला गर्ने न्यायाधीशः- | माननीय न्यायाधीश श्री एकराज आचार्य<br>माननीय न्यायाधीश श्री रामचन्द्र यादव |
| मुद्दा नं.ः- | २०६४-CS-१२७७ |
| पुनरावेदन फैसला मितिः- | २०६९।०४।२८ |

तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९/०४/२८ मा भएको फैसला उपर प्रतिवादीको तर्फबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः

## तथ्य खण्ड

१. मिति २०६१।०१।३१ गतेका दिन मेरो पति मिलन गुरुङ आफ्ना साथीहरू काजी शेर्पा, यादव डंगोल, विनय शाक्यका साथ काठमाडौं जिल्ला महाराजगंजस्थित चुफाङ रेष्टुरेण्टमा खाना (डिनर) खाँदै गरेको अवस्थामा मेरो पति समेतको ज्यान मार्ने उद्देश्यले दिपक मनाङ्गे भन्ने राजीव गुरुङ, पङ्कज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, मंगल श्रेष्ठ समेतको मिलेमतोबाट धारिलो हतियार प्रहार गरी पति मिलन गुरुङको बायाँ हात छिनाली दिएकोले निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाऊँ भन्नेसमेत बेहोराको मिलन गुरुङको श्रीमती इन्दिरा गुरुङको जाहेरी दरखास्त।

२. मिति २०६१।०१।३१ गते मेरो पति मिलन गुरुङ समेतको टाउको लगायतका शरीरका विभिन्न अङ्गहरूमा धारिलो हतियार प्रहार गरी पति मिलन गुरुङको बायाँ हातसमेत छिनाली दिई दिपक मनाङ्गे भन्ने राजीव गुरुङ समेतले ज्यान मार्ने सम्मको कार्य गरेको हुँदा सोही बेहोरा खुलाई हुलाकबाट जाहेरी दिएकी हुँ। जाहेरीमा भएको दरखास्त मैले गरेको हो भन्नेसमेत बेहोराको इन्दिरा गुरुङको खनाखत कागज।

३. घाइते चक्रे मिलन गुरुङको बायाँ हात काटिएको, टाउको समेतमा धारिलो हतियारले काटेको मर्नेसम्मको सम्भावना रहेको भन्ने चक्रे भन्ने मिलन गुरुङको घाउ जाँच फाराम।

४. घाइते विनय शाक्य र यादव डंगोलको टाउको लगायतका विभिन्न भागमा धार भएको हतियारले काटेको घाउ भन्नेसमेत बेहोराको शिक्षण अस्पताल, महाराजगञ्जबाट भएको घाउ जाँच फाराम।

५. मिति २०६१।०१।३१ गतेका दिन काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ महाराजगञ्जस्थित चुफाङ रेष्टुरेण्टमा चक्रे मिलन भन्ने मिलन गुरुङ समेतलाई दिपक मनाङ्गे भन्ने राजीव गुरुङ समेतले धारिलो हतियारले प्रहार गरी ज्यान मार्ने उद्देश्यले घाइते बनाएको भनिएको घटनास्थल प्रकृति विवरण मुचुल्का।

६. मिति २०६१।०१।३१ गतेका दिन राति चुफाङ रेष्टुरेण्टमा ८, ९ जना व्यक्तिहरू आई चक्रे भन्ने मिलन गुरुङ समेतलाई धारिलो हतियार प्रहार गरी भागेका हुन्। कुटपिट गरी धारिलो हतियार प्रहार गर्ने व्यक्तिहरूलाई चिन्दिनँ भन्ने चुफाङ रेष्टुरेण्टको कुक हुमबहादुर कुमालले गरेको कागज।

७. मिति २०६१।०१।३१ गतेका दिन मैले काम गर्ने गरेको रेष्टुरेण्टमा खाइरहेका चक्रे भन्ने मिलन गुरुङलाई ८, १० जना मानिसहरूले रेष्टुरेण्टभित्र कुटपिट एवम् धारिलो हतियार प्रहार

गरी घाइते भएका मिलन गुरुङ समेतलाई उपचारको लागि शिक्षण अस्पताल लगेका हुन्। होटलमा कुर्सी समेतका माल सामानहरू समेत क्षति भएको हो। कुटपिट एवम् हतियार प्रहार गर्ने व्यक्तिहरूलाई चिन्दिनँ भन्ने चुफाङ रेष्टुरेण्टको काउण्टरमा काम गर्ने अम्बिरकुमार बानियाँले मौकामा गरेको कागज।

८. घाइते मिलन गुरुङको मिति २०६१।०४।०५ मा पुनः चेकअप गरी भरिएको घाउ जाँच फाराम।

९. मिति २०६१।०१।३१ गतेका दिन म, मेरा साथमा भएका काजी शेर्पा, विनय शाक्य, यादव डंगोलसमेत भई चुफाङ रेष्टुरेण्टमा खाई बसिरहेको बखत ज्यानमार्ने उद्देश्यले दिपक मनाङ्गे भन्ने राजीव गुरुङले म समेतको ज्यानै मार्ने उद्देश्यले आफ्नो गठमतका पंकज शाह, संजिव भन्ने संजय डंगोल, रेवत कार्की, राजन गुरुङ, रवि बस्नेत, मंगल श्रेष्ठ, विष्णु लामा समेतका व्यक्तिहरू हात हातमा खकुरी, खुँडा तरबार जस्ता घातक हतियार लिई आएपछि यिनीहरूलाई मार्नुपर्दछ, हान भनी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले हातमा लिएको खुँडाले मेरो टाउको लगायतका विभिन्न भागमा प्रहार गरी मेरो घाँटी ताकी हान्दा मैले बायाँ हातले छेक्दा मेरो बायाँ हातसमेत काटिई छिनी झरेको र मलाई आफन्तहरूले अस्पताल लगी तत्कालै उपचार गराएको हुँदा मेरो ज्यान बाँचेको हो। दिपक मनाङ्गे भन्ने राजीव गुरुङ समेतका जाहेरीमा उल्लेख भएका व्यक्तिहरूले ज्यान मार्ने उद्देश्यले नै धारिलो हतियार प्रहार गरेको हुँदा पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाऊँ भन्ने बेहोराको केन्द्रीय कारागारमा थुनामा रहेको तत्काल घाइते भएका मिलन गुरुङले गरेको कागज।

१०. दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई पक्राउ गरी कारबाहीको लागि पठाइएको भन्ने वडा प्रहरी कार्यालय, लैनचौरको पत्र।

११. मिति २०६१।०१।३१ मा चक्रे भन्ने मिलन गुरुङलाई मैले हतियार प्रहार गरेको होइन। सो समयमा म वीरगंजमा थिएँ। मिलन गुरुङको भाइ तेजेन्द्रले पैसा नतिरेको विषयमा विवाद भएको थियो। ०५१ को चुनावमा मिलन गुरुङसँग झगडा भएको थियो। डाँका मुद्दा, सार्वजनिक मुद्दामा जाहेरी दिन लगाई मुद्दा चलेको समेतबाट रिसइवी भएको थियो भन्नेसमेत बेहोराको प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले मौकामा गरेको बयान कागज।

१२. मिति २०६१।१२।२५ गतेका दिन दिपक मनाङ्गे भन्ने राजीव गुरुङको घर खानतलासी गर्दा अपराधसँग प्रमाण लाग्ने अन्य कुनै वस्तु फेला नपरेको भन्ने बेहोराको खानतलासी मुचुल्का।

१३. मिति २०६१।०१।३१ गते राति का.जि. महाराजगञ्ज चुफाङ रेष्टुरण्टमा खाना खान भनी चक्रे भन्ने मिलन गुरुङ, काजी शेर्पा, यादव डंगोल समेतका मानिसहरू सुप खाइरहेको बखत हातमा खुँडा खुकुरी, तरबारसमेत लिएको दिपक मनाङ्गे भन्ने राजीव गुरुङ, पंकज शाह, राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, रवि बस्नेत, मंगल श्रेष्ठ समेतका व्यक्तिहरू आई आज यिनीहरूलाई मार्नुपर्दछ भनी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले हातमा लिएको खुँडाले चक्रे भन्ने मिलन गुरुङको टाउको लगायतमा प्रहार गरी घाँटी ताकी मिलन गुरुङलाई प्रहार गर्दा चक्रे भन्ने मिलन गुरुङले बायाँ हातले छेक्दा, बायाँ हात काटिई झरेको, अन्य पंकज शाह समेतले म समेतलाई धारिलो हतियारले काटी भागेपछि म समेतलाई को कसले शिक्षण अस्पतालमा लगी तत्कालै भर्ना गरी उपचार गराएकोले मसमेत समयमा उपचार भएकाले बाँच्न सफल भएको हुँदा जाहेरीमा उल्लेख भएको दिपक मनाङ्गे भन्ने राजीव गुरुङ समेतले ज्यानै लिने उद्देश्यले धारिलो हतियार प्रहार गरेको हुँदा निजहरू उपर कडा कारबाही गरिपाऊँ भन्नेसमेत बेहोराको घाइते भएका विनय शाक्यले गरेको कागज।

१४. मिति २०६१।०१।३१ गते साँझ म, विनय शाक्य, काजी शेर्पा, मिलन गुरुङसमेत भई काठमाडौं जिल्ला महाराजगञ्जस्थित चुफाङ रेष्टुरेण्टमा खाना खान गएको मौकामा हाल पक्राउमा परेका दिपक मनाङ्गे भन्ने राजीव गुरुङ, पंकज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, रवि बस्नेत, मंगल श्रेष्ठ समेतले एक्कासी घेरा हाली हान यिनीहरूलाई मार्नुपर्दछ भनी भाग्न उम्कन नदिई दिपक मनाङ्गे भन्ने राजीव गुरुङले मिलन गुरुङको टाउको लगायत शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गर्दा मिलन गुरुङले बायाँ हातले घाँटीमा ताकेका चोट छेक्दा हात काटिई छिनेको, मैले छुटाउन लाग्दा दिपक मनाङ्गे भन्ने राजीव गुरुङले म समेतलाई धार भएको हतियार प्रहार गर्न लाग्दा कुर्सी लगायतका चिज वस्तुले रोक्दा मसमेत घाइते भएपछि निजहरू अब मर्दछ भनी भागी गएका र म समेतलाई तत्काल अन्य को कसले शिक्षण अस्पताल लगी भर्ना गरिदिएकोले तत्काल उपचार भई मसमेत बाँच्न सफल भएको हो। निजहरूले ज्यानै मार्ने उद्देश्यले धारिलो हतियार प्रहार गरेका हुन् भन्ने घटनामा घाइते भएका यादव डंगोलले गरिदिएको कागज।

१५. मिति २०६१।०१।३१ गतेका दिन घटनामा संलग्न व्यक्तिहरू मध्ये हाल पक्राउमा परेका प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई देखाउँदा देखें, चिनें, सनाखत गरिदिएको छु। निजले प्रहार गरेको धारिलो हतियारको चोटबाट मिलन गुरुङको हात काटिई झरेको र

मससमेत घाइते भएको हो। दिपक मनाङ्गे भन्ने राजीव गुरुङ घटनामा संलग्न व्यक्ति हुन् भन्ने घाइते यादव डंगोलले गरेको सनाखत कागज।

१६. मिति २०६१।०१।३१ गतेका दिन चुफाङ रेष्टुरेण्टमा खाना (डिनर) खान आएको मिलन गुरुङको ग्रुपलाई नाम, थर, वतन थाहा नभएका नचिनेका मानिसहरूले हान मार भनी धारिलो हतियारसमेत प्रहार गरी घाइते बनाएका हुन्। घटनामा डाइनिङ्ग टेबुल भाँचिएको, कुर्सीहरू काटिएका थिए भन्ने चुफाङ्ग रेष्टुरेण्टमा काम गर्ने तुलाराम थापा मगर र हरिषमान मल्लले गरेको एकै मिलनको बयान कागज।

१७. जाहेरीमा नाम उल्लेख भएका प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ, पंकज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, रवि बस्नेत, मंगल श्रेष्ठ, विष्णु लामा समेतका प्रतिवादीहरूको खोजतलास गर्दा फेला नपरेको भन्नेसमेत बेहोराको प्रहरीको प्रतिवेदन।

१८. प्रतिवादी पंकज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, रवि बस्नेत, मंगल श्रेष्ठ, विष्णु लामा समेतका प्रतिवादीहरूको खोजतलास गर्दा फेला नपरेको भन्ने समेत बेहोराको प्रहरीको प्रतिवेदन|

१९. प्रतिवादी दिपक मनाङ्गे राजीव गुरुङ, पंकज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, रवि बस्नेत, मंगल श्रेष्ठ, विष्णु लामा समेतले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. अनुसारको कसूर अपराध गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएकोले निजहरूलाई सोही ऐनको ज्यान सम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाऊँ भन्ने समेत बेहोराको अभियोगपत्र।

२०. वारदात भएको भनिएको दिनभन्दा अगावै म मिति २०६१।०१।२७ गते व्यापार समेतको सिलसिलामा काठमाडौंबाट वीरगंज गएको थिएँ। त्यहाँ म करिब १ महिना बसी जेष्ठ २१ गते काठमाडौं आएको हुँ। जेष्ठ महिनाको ६, ७ गते पत्रिकामा मिलन गुरुङको हात काटियो भन्ने सुनेको हुँ। निजको हात कहाँ कसले कहिले काटे मलाई थाहा छैन। वारदात भनिएको समयमा म त्यहाँ नहुँदा अभियोग दावी बमोजिमको कसूर मैले गरेको होइन भन्ने समेत बेहोराको प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले सुरु अदालतमा गरेको बयान।

२१. सुरु अदालतको मिति २०६२।०१।१३ गतेको आदेशानुसार प्रतिवादी दिपक मनाङ्गेलाई पुर्पक्ष निमित्त थुनामा राखिएको।

२२. प्रतिवादी राजु गुरुङ, रवि बस्नेत तथा मंगल श्रेष्ठको नाममा सुरु अदालतबाट जारी भएको म्यादी पूर्जी निजहरूको घर ठेगाना पत्ता नलागी बेपत्ते तामेल भएको रहेछ।

२३. प्रतिवादी पंकज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल तथा रेवत कार्कीको नाममा सुरु अदालतबाट जारी भएको ७० दिने म्यादी पूर्जी निजहरूको घर दैलामा टाँस भएकोमा म्याद गुजारी बसेको।

२४. प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङको साक्षी किरण सिंह बुढाथोकी र प्रल्हादकुमार खतिवडा, श्रीराम हस्पिटल प्रा. लि. का डा. प्रशान्त शर्मा र मौकामा बुझिएका तुलाराम थापा मगर, अम्बिरकुमार बानियाँ र पीडित चक्रे भन्ने मिलन गुरुङको बकपत्र भई मिसिल सामेल रहेको।

२५. आदेशानुसार श्रीराम हस्पिटलबाट पठाएको रजिष्टर, स्वास्थ्य विभागले अस्पताल सञ्चालनको लागि दिएको सिफारिस, आन्तरिक राजश्व कार्यालयले दिएको प्रमाणपत्र, अन्तःशुल्क इजाजत प्रमाणपत्रको प्रतिलिपि मिसिल सामेल रहेको।

२६. प्रतिवादी मध्येका राजन गुरुङ, रवि बस्नेत तथा मंगल श्रेष्ठको हकमा तामेलीमा रहने, प्रतिवादी पंकज शाह, राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्कीको हकमा मुल्तवीमा रहने र प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङको हकमा कुटपिटको ६ नं. बमोजिम २ वर्ष कैद हुने ठहर्छ। पीडित मिलन गुरुङले अदालतमा उपस्थित भई बकपत्र गर्दा यी प्रतिवादी उमेश लामाको नाउँ उल्लेख नगरेको जाहेरीमा पनि निजको नाउँ उल्लेख गरी जाहेरी नपरेको साथै निजले अदालतमा उपस्थित भई कसूरमा इन्कार रही बयान गरेको समेतबाट निजको अधिकारप्राप्त अधिकारी समक्षको साविती बयान समर्थित हुन नसकेकोले यी प्रतिवादी उमेश लामा उपरको अभियोग दावी पुग्न नसकी सफाई पाउने ठहर्छ भन्ने सुरु काठमाडौं जिल्ला अदालतको मिति २०६३।१०।०७ को फैसला।

२७. जाहेरीमा उल्लेख भएको रेवत कार्की म होइन। यो घटनाको बारेमा मलाई केही थाहा छैन। म २०६० साल माघदेखि नै धरानमा छु। मलाई प्रहरीले पक्राउ गर्दा म जाहेरीमा उल्लेख गरेको रेवत कार्की होइन भनेपछि मलाई हाजिर हुने गरी छाडिएकोमा नामसम्म मिलेको कारणले अदालतमा पेस गरेको हो। यो वारदातको परेमा मलाई केही थाहा छैन। अतः मलाई सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी रेवत कार्कीले सुरु अदालतमा गरेका बयान।

२८. सुरु अदालतको मिति २०६३।११।२८ को आदेशानुसार प्रतिवादी रेवत कार्कीलाई साधारण तारेखमा राखिएको।

२९. मिति २०६१।०१।३१ गतेका दिन जाहेरवाला इन्दिरा गुरुङको पति मिलन गुरुङलाई दिपक मनाङ्गे भन्ने राजीव गुरुङ र उमेश लामासमेत भई धारिलो हतियार प्रहार गरी बायाँ हात छिनाली दिएको हुँदा ज्यान मार्ने उद्योग मुद्दामा कारबाही गरिपाऊँ भन्ने जाहेरीअनुसार उमेश लामालाई पक्राउ गरी अनुसन्धान कार्य गरिएकोमा निज उमेश लामाले आफ्नो बयानमा मिलन गुरुङलाई ज्यान मार्ने उद्योग गर्ने कार्यमा गणेश लामा, रमेश सुनुवारसमेत थिए भन्ने लेखाएअनुसार गणेश लामा र रमेश सुनुवारलाई तत्काल पक्राउ गर्न खोजिएकोमा पक्राउ परी नआएको तथा स्पष्ट वतन पनि खुल्न नसकेको हुँदा गणेश लामा, रमेश सुनुवार समेतको हकमा पछि पक्राउ भएमा तथा नाम थर वतन खुलेका बखत छुट्टै अभियोग राय पेस गरिने भन्ने जिल्ला प्रहरी कार्यालय, काठमाडौंको राय।

३०. मैले चक्रे मिलन भन्ने मिलन गुरुङलाई चिन्दिनँ, मैले निजलाई धारिलो हतियार प्रहार गरेको छैन, को को भई के हतियार प्रयोग गरी निजको ज्यान मार्ने उद्योग गरे मलाई थाहा छैन। मेरो वारदातमा संलग्न भएको किटानी जाहेरीमा तथा घाइते मिलन गुरुङको कागजमा समेत नाम हुने थियो। त्यसैले म निर्दोष छु, उमेश लामाले के कति कारणबाट मेरो नाम उल्लेख गरी बयान लेखाए मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी गणेश लामाको अधिकारप्राप्त अधिकारी समक्ष भएको बयान कागज।

३१. मैले चक्रे मिलन भन्ने मिलन गुरुङलाई चिन्दिनँ, निजलाई को को भई के कस्तो हतियार प्रयोग गरी ज्यान मार्ने उद्योग गरे सो पनि मलाई थाहा छैन। म संलग्न नभएको हुँदा किटानी जाहेरी तथा मिलन गुरुङको कागजमा समेत मेरो नाम उल्लेख नभएको हो। त्यसकारण म उक्त वारदातमा संलग्न छैन, निर्दोष छु। उमेश लामाले के किन मेरो नाम उल्लेख गरी बयान लेखाए मलाई थाहा छैन भन्नेसमेत बेहोराको रमेश सुनुवारको बयान कागज।

३२. पक्राउमा परेका प्रतिवादी गणेश लामा र रमेश सुनुवारको घाइते चक्रे मिलन गुरुङलाई सनाखत कार्यको लागि उपस्थित गराउनुपर्ने भएको खोजतलास गरी उपस्थित गराउन खटाई पठाएकोमा निज हाल फेला नपरेको हुँदा सोही बमोजिम प्रतिवेदन पेस गरेका छौं भन्ने प्रहरी प्रतिवेदन।

३३. प्रतिवादी रमेश सुनुवार र गणेश लामाको कार्य मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. मा परिभाषित १५ नं. अनुसारको कसूर अपराध हुँदा निजहरूलाई सोही महलको १५ नं. बमोजिम सजाय हुन तथा प्रतिवादी गणेश लामा र रमेश सुनुवार दुवै जना प्रहरी प्रतिवेदनले

नेपाल सरकार वादी भएको हातहतियार खरखजाना मुद्दामा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा माग भएको धरौटी दिन नसकी कारागार शाखा, डिल्लीबजारमा नै हिरासतमा रहेको हुँदा प्रतिवादी गणेश लामा र रमेश सुनुवारलाई सम्मानित अदालतबाटै झिकाई कानूनबमोजिम गरिपाऊँ। साथै प्रस्तुत मुद्दाको मूल मुद्दा इन्दिरा गुरुङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपक मनाङ्गे भन्ने संजिव गुरुङ समेत भएको सम्वत् २०६२ सालको फौ.पु.नं. १५२३ को ज्यान मार्ने उद्योग मुद्दा र इन्दिरा गुरुङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी उमेश लामा भएको सम्वत् २०६२ सालको फौ.पु.नं. ११५३ नं. को ज्यान मार्ने उद्योग मुद्दा सम्मानित अदालत समक्ष पेस गरिसकेको हुँदा प्रस्तुत मुद्दालाई पनि साथै राखी कारबाही गरिपाऊँ भन्नेसमेत बेहोराको पूरक अभियोगपत्र।

३४. म चक्रे मिलन गुरुङलाई कुटपिट गर्ने कार्यमा संलग्न छुइनँ। ज्यान मार्ने उद्योगको वारदात को कस्ले गराए मलाई थाहा छैन। म निर्दोष हुँदा अभियोग दावीबाट सफाइ पाउँ भन्ने समेत बेहोराको प्रतिवादी रमेश सुनुवारले सुरु अदालतमा गरेको बयान।

३५. मैले कुनै कसूर गरेको छैन। मैले चक्रे मिलन भन्ने मिलन गुरुङलाई कुटपिट गरी मार्ने योजना बनाई ज्यान मार्ने उद्योग गरेको छैन। म निर्दोष छु। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी गणेश लामाले सुरु अदालतमा गरेको बयान।

३६. प्रतिवादी रमेश सुनुवारको साक्षी मुकेशकुमार आचार्य तथा प्रतिवादी गणेश लामाका साक्षी सार्कीमान लामा (वल) ले सुरु अदालतमा गरेको बकपत्र मिसिल संलग्न रहेको।

३७. पीडित मिलन गुरुङले सुरु अदालतमा उपस्थित भई बकपत्र गर्दा यी प्रतिवादी रमेश सुनुवार र गणेश लामाको वारदातमा संलग्नता थियो भनी उल्लेख नगरेको, इन्दिरा गुरुङले दिएको जाहेरीमा पनि यी प्रतिवादीहरूको नाउँ उल्लेख गरी जाहेरी परेको नदेखिएको, प्रतिवादी रमेश सुनुवार र गणेश लामाले अधिकारप्राप्त अधिकारी समक्ष तथा अदालतमा आई बयान गर्दा समेत कसूरमा इन्कार रही बयान गरेको देखिंदा यी प्रतिवादीहरूको अभियोग दावी पुग्न नसकी सफाइ पाउने ठहर्छ भन्ने सुरु काठमाडौं जिल्ला अदालतको मिति २०६४।०७।१३ गतेको फैसला।

३८. पीडितले मौकामा गरेको कागज र अदालत समक्ष गरेको बकपत्रमा नाम लिएका व्यक्ति लगायतका व्यक्तिहरू संलग्न रहेको भनी उल्लेख भएकोले प्रतिवादी उमेश लामा, गणेश लामा, रमेश सुनुवार र रेवत कार्कीलाई सफाइ दिई प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई कुटपिटको ६ नं. ले सजाय गरेको सुरु फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म सबै

फैसलाहरू बदर गरी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने बेहोराको मिति २०६४।११।२८ को पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनपत्र।

३९. पीडित मिलन गुरुङको टाउकोमा तथा बायाँ हातमा धारिलो हतियारले प्रहार भई बायाँ हात नै छिनिएको भन्ने घा फारामबाट देखिन आई सो घा चोट गम्भीर प्रकृतिको रहेको र पीडितलाई लागेको घा चोटबाट निजको अङ्ग काम लाग्ने वा नलाग्ने भन्ने विशेषज्ञबाट जाँच नभएको यस स्थितिमा सुरु जिल्ला अदालतको फैसला फरक पर्न सक्ने भएबाट अ.वं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलका लागि प्रत्यर्थी झिकाई पेस गर्नू भन्ने मिति २०६७।०३।२७ गतेको पुनरावेदन अदालत पाटनको आदेश।

४०. प्रत्यर्थी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई कुटपिटको ६ नं. ले दुई वर्ष कैद गरी सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१०।०७ गते भएको फैसला मिलेको नदेखिंदा केही उल्टी भई प्रत्यर्थी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई ज्यान सम्बन्धीको १ र १५ नं. को कसूरमा ऐ. को १५ नं. बमोजिम पाँच वर्ष कैद हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०४।२८ मा भएको फैसला।

४१. प्रस्तुत वारदात मिति २०६१/०१/३१ मा भएको भनिएको छ भने घटनाको जाहेरी १२ दिनपछि हुलाकमार्फत प्रहरीमा पठाइएको र श्रावण महिनामा मात्र दर्ता भई अनुसन्धान अगाडि बढेको छ। यस्तो ढिलो गरी परेको जाहेरीका आधारमा कारबाही गर्न मिल्दैन। मैले अनुसन्धान अधिकारी र अदालत समक्ष बयान गर्दा आफू वारदातको समयमा वीरगंजमा रहेको भनी इन्कारी बयान गरेको र साक्षीहरूको बकपत्र समेतबाट सो कुरालाई प्रमाणित गरेको छ। म वीरगंजमा रहेको भनी प्रमाण पेस गर्दासमेत सो स्थान नबुझी केवल घाइतेको बयानका आधारमा सजाय गरिएको छ। मौकामा कागज गर्ने व्यक्तिहरूले घटना घटाउने मानिसहरूलाई नचिनेको भनी कागज गरेको अवस्था छ। प्रत्यक्षदर्शीले मेरो नाम भन्न सकेका छैनन् र निजहरूले सनाखत गरेको देखिँदैन। मिलन गुरुङ लगायत घाइते भनिएका व्यक्तिहरूको घा जाँच कानूनबमोजिम ७ दिनभित्र गराइएको छैन र केही घाइतेहरूको घा जाँच केस फाराम नै मिसिलमा रहेको देखिँदैन। वारदातमा प्रयोग भएको भनिएको खुंडा बरामद गर्न सकेको छैन र मेरो घर खानतलासीमा कुनै प्रमाण फेला परेको छैन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादी

पक्षमा रहेकोमा वादीले कसूर प्रमाणित गर्न सकेको छैन। जाहेरवालाले ज्यान मार्नुपर्ने कुनै रिसिइवी देखाउन सकेको छैन। २०५१ सालको निर्वाचनको झगडाको रिसइवीले १० वर्षपछि ज्यान मार्ने उद्योगमा मुद्दा दिएको हो। जाहेरी दरखास्तलाई आधारमानी मलाई दोषी करार गरी ज्यान मार्ने उद्योग जस्तो सङ्गिन अपराधमा सजाय गरिएको नै फौजदारी न्याय सिद्धान्त तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०४७ नि.नं. ४१३३ र ने.का.प. २०४५ नि.नं. ३४९२ को विपरीत रहेको छ। यसरी उच्च अदालत पाटनबाट ज्यान मार्ने उद्योगमा सजाय गर्ने गरी भएको फैसला बदर गरिपाऊँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङको तर्फबाट यस अदालतमा पेस भएको पुनरावेदनपत्र।

४२. यसमा प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ वारदातको समयमा श्रीराम अस्पताल, वीरगंजमा उपचार गराई रहेको भन्ने डा. प्रशान्त शर्माको अदालतको बकपत्र समेतको मूल्याङ्कनका आधारमा निज प्रतिवादीले लिएको Alibi को दावीलाई प्रमाणको रोहमा मूल्याङ्कन नगरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९/०४/२८ को फैसला प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ अनुसार फरक पर्न सक्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० (३) बमोजिम प्रत्यर्थी झिकाई आएपछि अथवा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।०३।१५ भएको आदेश।

## ठहर खण्ड

४३. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री रामकृष्ण लामिछाने, श्री सन्तोष नेपाल, श्री गणेशबहादुर खत्री, श्री अनुपम भट्टराई र श्री उपेन्द्र रावतले पुनरावेदक प्रतिवादीले अनुसन्धान र अदालतमा कसूरमा पूर्णत इन्कार रही बयान गरेका छन्। वारदात भएको भनिएको दिन मिति २०६१/०१/३१ मा पुनरावेदक वारदात स्थलमा थिएनन्। वीरगंजको श्रीराम अस्पतालमा मिति २०६१/०१/२८ मा भर्ना भई २०६१/०२/०३ मा डिस्चार्ज भएका थिए। वारदातमा चश्मदीद गवाह रहेका तथा अन्य मौकामा कागज गर्ने व्यक्तिहरूले राजीव गुरुङले नै खुंडा प्रहार गरेका थिए भन्न सकेका छैनन्। घाइतेको के कारणले मृत्यु हुन नसकेको हो भन्ने खुल्न सकेको छैन। वारदातस्थल नै शङ्कास्पद रहेको छ। मुख्य व्यक्ति उम्काउन र राजीव गुरुङलाई फसाउन प्रस्तुत जाहेरी दिइएको छ।

पुनरावेदन अदालत पाटनबाट प्रतिवादी राजीव गुरुङको हकमा ज्यान मार्ने उद्योग कसूर ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाई होस् भनी गर्नुभएको बहससमेत सुनियो।

४४. प्रस्तुत मुद्दामा प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ, पङ्कज शाह, राजु ग्वारा भन्ने राजु श्रेष्ठ, संजिव डंगोल, रेवत कार्की, राजन गुरुङ, मंगल श्रेष्ठ समेतको मिलेमतोबाट मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. अनुसारको कसूर अपराध गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएकोले निजहरूलाई सोही ऐनको ज्यान सम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत बेहोराको अभियोग मागदावी भएकोमा जिल्ला अदालत काठमाडौंबाट प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई कुटपिटको ६ नं. बमोजिम २ वर्ष कैद र अन्य प्रतिवादीहरूलाई सफाइ हुने ठहऱ्याई फैसला भएकोमा सो उपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा सुरु फैसला केही उल्टी भई प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. को कसूरमा पाँच वर्ष कैद र अन्य प्रतिवादीहरूलाई सफाइ हुने ठहऱ्याई मिति २०६९।०४।२८ मा फैसला भएको देखिन्छ। अन्य प्रतिवादीहरू रेवत कार्की, रमेश सुनुवार, गणेश लामा र उमेश लामाको हकमा वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी मिति २०७४।१०।०२ मा फैसला भई अन्तिम भई बसेको देखिन्छ। पुनरावेदक प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले देहाय बमोजिमको पुंनरावेदन जिकिर लिई यस अदालतमा पुनरावेदन पेस गरेको देखियोः

(क) घटनाको जाहेरी वारदातको १२ दिनपछि हुलाकमार्फत प्रहरीमा पठाइएको र श्रावण महिनामा मात्र दर्ता भई अनुसन्धान अगाडि बढेको, वारदातस्थलमा आफ्नो उपस्थिति नभएको भनी मैले लिएको जिकिरलाई प्रमाणमा नलिएको,

(ख) वारदातमा प्रयोग भएको भनिएको खुंडा बरामद गर्न नसकेको र मेरो घर खानतलासीमा कुनै प्रमाण फेला नपरेको,

(ग) मौकामा कागज गर्ने व्यक्तिहरूले कसले खुंडा हानेको हो भन्न नसकेको अवस्थामा पनि मलाई ज्यान मार्ने उद्योगको कसूर कायम गरी फैसला भएको।

४५. उपर्युक्त बमोजिमको तथ्य एवम् पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरुको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा देहाय बमोजिमका प्रश्नहरूमा निर्णय दिनुपर्ने देखियोः

(क) प्रस्तुत मुद्दाको वारदात हुँदा आफू वारदातस्थलमा थिइनँ भनी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले लिएको अन्यत्र स्थान रहेको जिकिर (Plea of Alibi) प्रमाणबाट पुष्टि भएको देखिन्छ वा देखिँदैन?

(ख) प्रस्तुत मुद्दाको वारदात ज्यान मार्ने उद्योगको हो वा कुटपिटसम्मको के हो?

(ग) यी पुनरावेदक प्रतिवादीको आरोपित कसूरमा संलग्नता देखिन्छ वा देखिँदैन?

(घ) प्रस्तुत मुद्दामा तत्कालीन पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेको छ वा छैन?, पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन?

४६. निरुपण गर्नुपर्ने पहिलो प्रश्नको सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दामा मिति २०६१।०१।३१ गते साँझ काठमाडौं जिल्ला महाराजगंजस्थित चुफाङ रेष्टुरेण्टमा खाना (डिनर) खाँदै गरेको अवस्थामा मेरो पति मिलन गुरुङ समेतको ज्यान मार्ने उद्देश्यले दिपक मनाङ्गे भन्ने राजीव गुरुङसमेतले धारिलो हतियार प्रहार गरी पति मिलन गुरुङको बायाँ हात छिनाली दिएकोले निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने घाइते मिलन गुरुङको श्रीमती इन्दिरा गुरुङको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको अनुसन्धान सुरु भएको देखिन्छ। मौकामा बयान गर्दा प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले मिति २०६१।०१।३१ मा चक्रे भन्ने मिलन गुरुङलाई मैले हतियार प्रहार गरेको होइन। सो समयमा म वीरगंजमा थिएँ भन्ने बेहोरा लेखाएको देखिन्छ भने सुरु काठमाडौं जिल्ला अदालतमा बयान गर्दा वारदात भएको भनिएको दिनभन्दा अगावै म मिति २०६१।०१।२७ गते व्यापार समेतको सिलसिलामा काठमाडौंबाट वीरगंज गएको थिएँ। त्यहाँ म करिब १ महिना बसी जेष्ठ २१ गते काठमाडौं आएको हुँ भनी वारदात भएको भनिएको मिति र समयमा आफू वारदातस्थलमा नरही अन्यत्र रहेको भनी जिकिर (Plea of Alibi) लिएको देखियो।

४७. फौजदारी मुद्दामा Plea of Alibi को विशेष अर्थ र महत्व रहन्छ। खासगरी प्रतिवादीले आरोपित कसूरमा आफ्नो निर्दोषिता प्रमाणित गर्नको लागि आफू वारदात स्थलमा नरही अन्यत्र रहेको जिकिर लिएको हुन्छ। त्यस्तो Plea of Alibi प्रमाणित गर्ने दायित्व पनि जिकिर लिने प्रतिवादीमा नै रहन्छ। अन्यत्र स्थानमा रहेको जिकिरलाई प्रतिवादीले ठोस, निश्चयात्मक र विश्वसनीय प्रमाण पेस गरी प्रमाणित गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा २८ मा, "कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुने छ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो

कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि नै रहने छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। **दिपक बहादुर घिमिरे विरुद्ध नेपाल सरकार भएको मुद्दामा** यस अदालतले अन्यत्र स्थलमा रहेको (Alibi) को जिकिर स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित भएमा मात्र प्रमाणको लागि ग्राह्य हुनसक्ने भनी[1] सिद्धान्त प्रतिपादन गरेकोसमेत देखिन आउँछ।

४८. प्रस्तुत मुद्दामा प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले आफ्नो Plea of Alibi लाई पुष्टि गर्न किरण सिंह बुढाथोकी र प्रल्हादकुमार खतिवडा साक्षीको रुपमा अदालत समक्ष पेस गरेको देखिन आउँछ। प्रतिवादीका साक्षीहरु किरण सिंह बुढाथोकीले मिति २०६१।०१।२७ गते देखि वीरगंजमा गई २०६१।०२।२१ गते काठमाडौं फर्किएको हो। वीरगंजबाट हामी भारतको गोयल्स स्कुलमा पढ्ने बच्चा भेट्नका लागि गएका हौं। वीरगंजमा खानपिनको खराबीका कारण राजीव गुरुङ बिरामी परी श्रीराम अस्पतालमा भर्ना हुनुभएको हो। मिलन गुरुङको हात काटिएको घटनामा उहाँको संलग्नता रहेको छैन भनी र प्रल्हादकुमार खतिवडाले म समेतका साथीहरू मिति २०६१।०१।२७ मा वीरगंजमा रेष्टुरेन्ट निरीक्षण गरी खर्स्याङ्ग जानका लागि गएकामा २८ गते राजीव गुरुङ बिरामी परी श्रीराम अस्पतालमा भर्ना भई जेष्ठ ३ गते डिस्चार्ज भएको हो। निज मिलनसार, दुखीलाई सहयोग गर्ने मानिस भएकाले राजीव गुरुङको उक्त घटनामा संलग्नता रहेको छैन भनी सुरु अदालतमा बकपत्र गरेको देखिन्छ। सुरु अदालतको आदेश अनुसार बुझिएका श्रीराम हस्पिटल प्रा. लि. का डा. प्रशान्त शर्माले राजीव गुरुङ श्रीराम अस्पतालमा मिति २०६१।०१।२८ मा एक्युड ग्यास्ट्रिक इन्टेट्वाइटिज रोगसम्बन्धी उपचारका लागि भर्ना भई मिति २०६१।०२।०३ मा डिस्चार्ज भएका हुन् भनी बकपत्रमा बेहोरा उल्लेख गरेको देखिन्छ। मौकामा बयान गर्दा र सुरु अदालतमा बयान गर्दासमेत प्रतिवादीले वारदातको समयमा म वीरगंजमा थिएँ मात्र भनेको देखिए पनि उपचार गर्न अस्पतालमा भर्ना भएको प्रसङ्ग खुलाएको देखिँदैन। निजका साक्षीहरूले मिति २०६१।०१।२८ देखि २०६१।०२।०३ सम्म वीरगंजको श्रीराम अस्पतालमा भर्ना भई उपचार गराएको थिएँ भनी नयाँ तथ्य खुलाएको देखिन्छ। प्रतिवादीले नै वीरगंजमा यो यस्तो अस्पतालमा भर्ना भई उपचार गराएको भनी जिकिर लिन नसकेको अवस्थामा निजका साक्षीहरुबाट भनिएको उक्त जिकिरको प्रामाणिक महत्व देखिन आएन। प्रतिवादीलाई वीरगंजमा रहेको देख्ने अन्य कुनै

[1] *नेकाप भाग: ५६ साल: २०७१, महिना: श्रावण, अंक: ४, नि.नं. ९१४४*

प्रत्यक्ष वा चस्मदिद साक्षी निजले पेस गर्न सकेको पनि देखिएन। श्रीराम हस्पिटल प्रा. लि. का डा. प्रशान्त शर्माले प्रतिवादी मिति २०६१।०१।२८ भर्ना भई मिति २०६१।०२।०३ मा डिस्चार्ज भएको अस्पतालको अभिलेखबाट देखिएको भन्ने सम्मको बेहोरा उल्लेख गरेको देखिए पनि निजले यी प्रतिवादीलाई प्रत्यक्ष देखेको, चिनेको वा आफूले उपचार गरेको हो भन्ने लगायतको कुनै पनि ठोस तथ्ययुक्त विवरण खुलाउन सकेको देखिँदैन।

४९. अर्कोतर्फ, वारदातमा घाइते भएका चक्रे भन्ने मिलन गुरुङले सुरु अदालतमा गरेको बकपत्रमा दिपक मनाङ्गे भन्ने राजीव गुरुङसमेतका व्यक्तिहरू हात हातमा खकुरी, खुंडा तरबार जस्ता घातक हतियार लिई आएपछि यिनीहरूलाई मार्नुपर्दछ, हान भनी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले हातमा लिएको खुंडाले मेरो टाउको लगायतका विभिन्न भागमा प्रहार गरी मेरो घाँटी ताकी हान्दा मैले बायाँ हातले छेक्दा मेरो बायाँ हातसमेत काटिई छिनी झरेको भन्ने बेहोरा लेखाएको देखिन्छ भने प्रत्यक्षदर्शीको रुपमा रहेका विनय शाक्य र यादव डंगोलले मौकामा चक्रे भन्ने मिलन गुरुङलाई खुंडा प्रहार गरी बायाँ हात छिनाल्ने व्यक्ति दिपक मनाङ्गे भन्ने राजीव गुरुङ हो भनी कागज गर्नुका साथै यादव डंगोलले निज प्रतिवादीलाई सनाखत समेत गरेको देखिन आउँछ। साथै, सुरु काठमाडौं जिल्ला अदालतले प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङको हकमा कुटपिटको ६ नं. बमोजिमको कसूर ठहर गरी २ वर्ष कैद सजाय निर्धारण गरेकोमा यी प्रतिवादीले उक्त फैसलालाई चुनौति नदिई बसेको र लागेको कैद सजाय भुक्तान समेत गरेको अवस्था देखिंदा प्रतिवादीले सुरुमा लिएको Plea of Alibi लाई निरन्तरता नदिई मुद्दाको फैसला भएपछि परिणामतः वारदातस्थलमा रही पीडितमाथि खुंडा प्रहार गरी हात छिनालेको कुटपिटको (अङ्गभङ्ग) कसूरलाई भने स्वीकार गरेको देखिन आयो। मिसिल संलग्न उल्लिखित प्रमाणहरुले प्रतिवादीको अन्यत्र रहेको जिकिर (Plea of Alibi) खण्डित हुन पुगेको देखिन्छ।

५०. Plea of alibi सम्बन्धमा यस अदालतबाट **चार्ल्स गुरूमुख शोभराज विरुद्ध नेपाल सरकार रहेको मुद्दामा** "कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्यस्थल (alibi) को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । यस्तो अन्य स्थल alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके

त्यस्तो जिकिर लिने व्यक्तिका विरुद्ध नै प्रमाण लाग्ने जार्ने"[2] भन्ने सिद्धान्त प्रतिपादित भएको पाइन्छ।

५१. त्यसैगरी **टिकाराम राईसमेत विरूद्ध नेपाल सरकार रहेको मुद्दामा** "अन्यत्रस्थल (alibi) रहेको जिकिरको सम्बन्धमा हेर्दा, प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसूरबाट सफाइ वा छुट पाउनको लागि घटनास्थलमा उपस्थित नभई अन्यत्र थिएँ भन्नका लागि प्रतिवादीले आफूले अन्यत्र स्थल (alibi) को दाबी पुष्टि गर्नु पहिलो र अनिवार्य सर्त हो ।...आफू अन्यत्र रहेको भनी अन्यत्रको दाबी लिनेले क़ानूनतः आफू त्यसरी अन्यत्र रहेको पुष्टि गर्नुपर्ने हुन्छ। केवल लगाइएको आरोपबाट सफाइ पाउने मनसाय र उद्देश्यले मात्र अन्यत्र रहेको थिएँ भन्ने कुरा तर्कयुक्त र स्वीकार्य हुन सक्तैन"[3] भन्ने सिद्धान्त प्रतिपादित भएको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले कहिले वीरगंजमा एकमहिना बसी फर्केको भनेका छन् भने कुनै स्थानमा २५ दिन बसेको भन्ने जिकिर लिएका छन्। अस्पतालमा उपचारमा गराएको भन्ने जिकिर प्रतिवादीहरूले नलिई निजका साक्षीहरूले मात्र लिएको देखिन्छ। प्रतिवादीले व्यापारका सिलसिलामा वीरगंज गएको भनेका छन् भने साक्षीहरूले होटल निरीक्षण एवम् स्कुलमा अध्ययनरत बच्चा भेट्न गएको समेत भनेको पाइन्छ। यसरी प्रतिवादी र निजका साक्षीहरूको भनाइ एक आपसमा विरोधाभाषपूर्ण रहेको देखिन्छ। उल्लिखित प्रतिपादित सिद्धान्तको रोहमा हेर्दासमेत प्रस्तुत मुद्दाका प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले वारदातको समयमा आफू काठमाडौं नभई वीरगंजमा रहेको भनी लिएको जिकिर कसूरबाट उन्मुक्ति पाउनका लागि मात्र गरेको र उक्त जिकिर ठोस र निश्चयात्मक प्रमाणबाट पुष्टि हुन सकेको नदेखिंदा विश्वासलायक देखिन आएन।

५२. अब, प्रस्तुत मुद्दाको वारदात ज्यान मार्ने उद्योगको हो वा कुटपिटसम्मको के हो ? भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, सुरु अभियोगपत्रमा प्रतिवादीहरु उपर मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. अनुसारको कसूर अपराध गरेकोले सोही १५ नं बमोजिम सजायको मागदावी लिएको देखिन्छ। साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा "ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ" भन्ने

---

[2] *ने.का.प. भाग ५२, साल:२०६७ महिना: भाद्र अङ्क ५, निर्णय नं: ८३७८*

[3] *भाग: ५६ साल: २०७१ महिना: फागुन अंक: ११, नि नं ९२८३*

कानुनी व्यवस्था रहेको देखिन्छ। उक्त कानुनी व्यवस्थालाई फौजदारी विधिशास्त्रको मान्यता अनुकूल विश्लेषण गर्दा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनको लागि ज्यान मार्ने मनसाय, सो मनसाय अभिव्यक्त गर्न ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्त्वको हस्तक्षेपले गर्दा ज्यान मार्न नसकेको अवस्था देखिनुपर्ने हुन्छ। सुरु काठमाडौं जिल्ला अदालतले प्रस्तुत मुद्दाको वारदातलाई साबिक मुलुकी ऐन, कुटपिटको ६ नम्बरको कसूर ठहर गरी यी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई २ वर्ष कैद सजाय तोकेको देखिएको छ। कुटपिटको ५ नम्बरमा अर्कामाथि हात हतियार उठाई वा अरु केही प्रकार गरी मैले यो काम गरे भने परिणाम अङ्गभङ्ग वा चोट पीडा यस्तो पुग्न सक्छ वा सम्भव छ भन्ने कुरा जानी बुझी होस् वा इवी परेकालाई इवी सघाउनका लागि होस् वा केही कुराका लालचले होस् वा लुकी चोरीकन होस् इत्यादि कुरा गरी कसैलाई कुनै प्रकारले पहिले हातहतियार लिई वा अरु केही कुरा गरी चोटपटक अङ्गभङ्ग इत्यादि गर्नेलाई यस महलको तल नम्बरमा लेखिए बमोजिम सजाय गर्नुपर्छ भन्ने कानुनी व्यवस्था गर्दै सोही महलको ६ नम्बरमा अन्धो र नपुङ्सक यी दुई खतमा दशहजार रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद, यी बाहेक अङ्गभङ्गको अरु खतमा पाँचहजार रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद, एउटै किसिमको काम लिने एउटा भन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्ने र सो खत निको भई काम लाग्ने भएमा भने दुई वर्ष कैद गर्नुपर्छ भन्ने सजायको व्यवस्था गरेको देखिन्छ।

५३. कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक प्रकृतिका अपराध हुन्। ज्यान मुद्दामा रहने आपराधिक तत्त्वहरू मनसाय, योजना, तयारी र कार्य ज्यान मार्ने उद्योगमा समेत समान रूपमा रहेका हुन्छन् तर ज्यान मार्ने उद्योगमा केवल प्रतिवादीले इच्छाएको परिणाम मात्र प्राप्त गरेको हुँदैन। ज्यान मार्ने उद्योगमा कर्ताको कार्य अपराधिक मनसाय, योजना, तयारी जस्ता सबै चरण पार गरी अपराध घटाउन नजिक पुगेको (Proximity to the Commission of Complete Crime) र केही हस्तक्षेपका कारण उसको इच्छित परिणाम निस्कन नपाई अपराध गर्न असफल भएको अवस्था रहन्छ। कुटपिटमा सामान्य चोट पुऱ्याउने उद्देश्य निहित रहनुका साथै परिणामको पूर्व जानकारी पनि नभई ज्यानै लिने उद्देश्यले प्रहार गरेकोसमेत हुँदैन भने ज्यान मार्ने उद्योगमा सो अवस्था नरही कर्ताले पूर्व मनसाय राखी तयारीका साथ इच्छित परिणाम प्राप्त गर्न उन्मुख भई काम गरेको हुन्छ। केवल इच्छाएको परिणाम मात्र पूरा भएको हुँदैन। कुटपिटको कसूर र

ज्यान मार्ने उद्योगको अपराधको बीचको एउटै समानता भनेको पीडित पक्षको शरीरमा घाउ चोट लागेको देखिनु हुन्छ।

५४. प्रस्तुत मुद्दाका प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले मिलन गुरुङको भाइ तेजेन्द्रले पैसा नतिरेको विषयमा विवाद भएको, २०५१ को चुनावमा मिलन गुरुङसँग झगडा भएको र डाँका मुद्दा, सार्वजनिक मुद्दामा जाहेरी दिन लगाई मुद्दा चलेको समेतबाट रिसइवी भएको तथ्यलाई मौकामा बयान गर्दा स्वयम्ले स्वीकार गरेको देखिन्छ। पीडित चक्रे भन्ने मिलन गुरुङको मिसिल संलग्न घाउ जाँच फारामबाट बायाँ हात काटिएको, टाउको समेतमा धारिलो हतियारले काटेको मर्नेसम्मको सम्भावना रहेको भन्ने बेहोरा रहेको देखिन्छ। पीडितले सुरु अदालतमा बकपत्र गर्दा दिपक मनाङ्गे भन्ने राजीव गुरुङसमेतका व्यक्तिहरू हात हातमा खकुरी, खुँडा तरबार जस्ता घातक हतियार लिई आएपछि यिनीहरूलाई मार्नुपर्दछ, हान भनी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले हातमा लिएको खुँडाले मेरो टाउको लगायतका विभिन्न भागमा प्रहार गरी मेरो घाँटी ताकी हान्दा मैले बायाँ हातले छेक्दा मेरो बायाँ हातसमेत काटिई छिनी झरेको भन्ने बेहोरा लेखाएको देखिन्छ। निजको बकपत्र बेहोरा मिसिल संलग्न किटानी जाहेरी तथा प्रत्यक्षदर्शी विनय शाक्य र यादव डंगोलले गरेको कागजबाट समेत समर्थित भई रहेको देखिन्छ। यसरी पीडितसँग पूर्व रिसइवी समेत रहेका यी प्रतिवादीले पीडितको ज्यान लिने नै मनसायले खुँडा जस्तो घातक हतियारले टाउको तथा घाँटीमा प्रहार गर्नुको साथै घाइतेले आफूलाई बचाउन हातले छेक्दा बायाँ हात नै छिनालेको तथ्य स्थापित छ। तत्काल नजिकको शिक्षण अस्पताल महाराजगञ्ज लगेको कारणले मात्र पीडित चक्रे भन्ने मिलन गुरुङको मृत्यु हुन नपाएको भए पनि प्रतिवादीले आपराधिक कार्य गरी सकेर भागेको देखिएको, पीडितको घाउचोटको प्रकृति मृत्यु हुन सक्ने (Fatal) प्रकृतिको देखिएको र त्यस्तो चोटको कारण अत्यधिक रक्तश्राव भएर समेत मानिसको मृत्यु हुन सक्ने स्थिति मिसिल संलग्न प्रमाणबाट स्पष्ट रुपमा पुष्टि भएको देखिँदा प्रस्तुत मुद्दाको वारदात कुटपिटसम्मको (अङ्गभङ्ग) मात्र नभई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा वर्णन गरिएअनुरुप ज्यान मार्ने उद्योग कै रहेको देखिन आयो।

५५. अब यी पुनरावेदक प्रतिवादीको आरोपित कसूरमा संलग्नता देखिन्छ वा देखिँदैन? भन्ने तेस्रो प्रश्नका सम्बन्धमा हेर्दा, यी पुनरावेदक प्रतिवादीले लिएको अन्यत्र स्थानमा रहेको जिकिर (Plea of Alibi) ठोस र निश्चयात्मक प्रमाणबाट पुष्टि हुन नसकेको सम्बन्धमा माथिका

प्रकरणहरुमा विवेचना भई सकेको छ। घाइते चक्र भन्ने मिलन गुरुङको पत्नी इन्दिरा गुरुङले यी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले मेरो पति मिलन गुरुङ लगायतका साथीहरू रेष्टुरेन्टमा खाना खाइरहेको अवस्थामा ज्यान मार्ने उद्देश्यले खुंडा प्रहार गरी बायाँ हात छिनालेको भनी हुलाकमार्फत दिएको जाहेरी दरखास्त सनाखतसमेत गरेको पाइन्छ। उक्त जाहेरी दरखास्त समर्थित हुने गरी प्रत्यक्षदर्शी घाइतेहरू विनय शाक्य र यादव डंगोलले दिपक मनाङ्गे भन्ने राजीव गुरुङले मार्ने नियतले खुंडा प्रहार गरेकोमा हातले छेक्दा हात काटिई छिनी झरेकोमा अस्पताल लगी समयमै उपचार गराएकाले ज्यान बच्न गएको हो भनी कागज गरेको देखिन्छ। घाइते चक्रे भन्ने मिलन गुरुङको बायाँ हात काटिएको र टाउको र घाँटी समेतमा धारिलो हतियारले काटेको भन्ने मिसिल संलग्न घाउ जाँच फारमबाट देखिइरहेको अवस्था छ। घाइते चक्रे भन्ने मिलन गुरुङलाई प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले ज्यान मार्ने उद्देश्यले घाइते बनाएको भन्ने मौकाको घटनास्थल प्रकृति मुचुल्का मिसिल संलग्न रहेको देखिन्छ।

५६. वारदातका प्रत्यक्षदर्शी जिवित साक्षीको रुपमा रहेका घाइते चक्रे भन्ने मिलन गुरुङले सुरु अदालतमा बकपत्र गर्दा दिपक मनाङ्गे भन्ने राजीव गुरुङ समेतका व्यक्तिहरू हात हातमा खकुरी, खुंडा तरबार जस्ता घातक हतियार लिई आएपछि यिनीहरूलाई मार्नुपर्दछ, हान भनी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले हातमा लिएको खुंडाले मेरो टाउको लगायतका विभिन्न भागमा प्रहार गरी मेरो घाँटी ताकी हान्दा मैले बायाँ हातले छेक्दा मेरो बायाँ हातसमेत काटिई छिनी झरेको र मलाई आफन्तहरूले अस्पताल लगी तत्कालै उपचार गराएको हुँदा मेरो ज्यान बाँचेको हो भनी यी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई गढाउ गरी बेहोरा उल्लेख गरेको स्थिति छ। प्रमाण ऐन, २०३१ को दफा १०(१) मा *कुनै घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ। (क) सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रुपमा देख्ने वा थाहा पाउने व्यक्ति, वा ख) सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति भन्ने स्पष्ट कानुनी व्यवस्था रहेको देखिन आउँछ।* उक्त कानूनी व्यवस्थाको रोहमा विचार गर्दा मिति २०६१।१।३१ को घटना हुँदा वारदातस्थलमा रही सो घटना भएको प्रत्यक्ष देखेका तथा थाहा पाएका र पीडित समेत भएका चक्रे भन्ने मिलन गुरुङ, विनय शाक्य, र यादव डंगोलको भनाइलाई कानूनतः प्रमाणमा ग्रहण गर्नुपर्ने नै

देखियो। त्यसैले आरोपित कसूरको वारदातमा यी पुनरावेदक प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङको संलग्नता रहेको कुरा प्रत्यक्ष प्रमाणबाटै पुष्टि हुन आएको देखिन्छ।

५७. अन्तिममा, प्रस्तुत मुद्दामा तत्कालीन पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेको छ वा छैन?, पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने प्रश्नको सम्बन्धमा हेर्दा पुनरावेदन अदालत पाटनले पीडित र प्रत्यर्थी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ्गको बीचमा अगाडिदेखि नै पूर्व रिसइवी रहेको र खुँडा जस्तो जोखिमको, घातक धारिलो हतियार साथमा बोकी गएको, उक्त हतियारले पीडितको जिउ शरीरमा ताकी प्रहार गर्दा पीडितले बायाँ हातले चोट छेक्न खोज्दा हातमा लागेर छिनिएको एवम् पीडितको हातको फोटो समेतको अवस्था हेर्दा ठूलो जोखिमी हतियारले कडा प्रहार गरी काटिएको तथ्य स्थापित भएकाले ज्यान मार्ने मनसाय नै राखी हतियार प्रहार गरेको भन्ने समेत आधारमा प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई कुटपिटको ६ नं. ले दुई वर्ष कैद गरी सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१०।०७ गते भएको फैसला केही उल्टी गरी साबिक मुलुकी ऐन, ज्यान सम्बन्धीको १ र १५ नं. को कसूरमा सोही महलको १५ नं. बमोजिम पाँच वर्ष कैद हुने गरी सजाय निर्धारण गरेको देखियो।

५८. साबिक मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १५ नम्बरमा ज्यान मार्ने उद्योग कसूरका कसूरदारलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (२) मा सोही कसूरमा हुने सजायको संरचनामा केही परिवर्तन भई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको देखिन आयो। वारदात हुँदाको बखत लागू रहेको कानून र हाल प्रचलित कानूनमा समेत ज्यान मार्ने उद्योगको कसूरका कसूरदारलाई न्यायिक स्वविवेकमा कैद सजाय निर्धारण गर्नुपर्ने गरी विधायिकाले न्यायकर्तालाई स्वविवेकाधिकार प्रदान गरेको र तत्कालीन पुनरावेदन अदालत पाटनले यी प्रतिवादीलाई न्यायिक स्वविवेकमा पाँच वर्ष कैद सजाय हुने गरी निर्धारण गरेको कैद सजाय विधायिकाले निर्धारण गरेको कैद सजायको तल्लो र माथिल्लो हदको दायरा भित्र कै भई उपयुक्त र मनासिव देखिनुको साथै वारदात हुँदाको बखतमा लागू रहेको कानूनमा ज्यान मार्ने उद्योगको कसूरमा जरिवानाको सजाय हुने व्यवस्था नरहेको समेत स्थितिमा पुनरावेदन अदालत पाटनले प्रतिवादीलाई निर्धारण गरेको कैद सजायलाई अन्यथा गर्नु परेन।

५९. जहाँसम्म वारदातमा प्रयोग भएको भनिएको खुंडा बरामद हुन नसकेको समेत आधारमा आफूले आरोपित कसूरबाट सफाई पाउनुपर्ने भनी प्रतिवादीले लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा पीडित घाइते माथि खुंडा प्रहार भएको कुरा घा जाँच केश फारम र घाउचोटको प्रकृतिबाटै स्पष्ट भएको, घाइते तथा प्रत्यक्षदर्शीहरुले समेत खुँडाको प्रयोग भएको कुरा उल्लेख गरेका र वारदात पछि खुंडा सहित प्रतिवादीहरु भागेको कारण मौकामा हतियार बरामद हुन नसकेको स्वाभाविक अवस्था देखिन आएको छ। यही प्रश्न समावेश रहेको **कुशेश्वर गुर्मैता विरुद्ध नेपाल सरकार** भएको मुद्दामा *वारदातमा प्रयोग भएका हतियार बन्दुक प्रतिवादीहरूबाट बरामद हुन नसक्नुबाट वारदात नै घटित भएको होइन भन्ने निष्कर्ष निकाल्न नमिल्ने* भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको समेत देखिन्छ।[4]

६०. ज्यान मार्ने उद्योगको कसूरको सम्बन्धमा यस अदालतबाट **नेपाल सरकार विरुद्ध शैलेश कोइरालासमेत** भएको मुद्दामा *वारदातको प्रकृति एवम् पृष्ठभूमि, व्यक्तिहरूको संलग्नता, पूर्व रिसइवी एवम् इविलाग र मनसायको विद्यमानता, पूर्व तयारी एवम् योजना र सोच, प्रयोग भएको साधन एवम् हतियार, पीडितलाई चोट लागेको शरीरको भाग, चोटको प्रकृतिलाई नै गम्भीर मानी प्राथमिकता दिई सोलाई नै उद्योगको कसूरलाई पुष्टि गर्ने पर्याप्त आधारको रूपमा लिन सकिने* भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, **नेपाल सरकार विरुद्ध सीता चौलागाई** भएको मुद्दामा *पीडितलाई पर्न गएको चोट र त्यसको असरलाई मात्र ज्यान मार्ने उद्योग गरेको हो होइन भनी ठहर गर्ने निर्णायक प्रमाण मानिँदैन, ज्यान मर्नेसम्मको कार्य गरिसकेको हो होइन भन्ने कुरा महत्वपूर्ण हुन्छ। तथापि घाउको अवस्थाले साङ्घातिकताको वस्तुगत रुपमा मूल्याङ्कन गर्ने आधार हुने हुँदा त्यस्तो प्रमाणलाई अदालतले महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने*[6] भनी सिद्धान्त प्रतिपादन भएको समेत देखिन आउँछ। उल्लिखित प्रतिपादित सिद्धान्तहरु प्रस्तुत मुद्दामा समेत आकर्षित हुने देखिएको र प्रस्तुत मुद्दाको आरोपित कसूरमा प्रतिवादीको संलग्नता केवल शङ्का वा अनुमानमा आधारित नभई प्रत्यक्ष, ठोस र वस्तुगत प्रमाणमा आधारित देखिएकोले प्रतिवादीको उक्त पुनरावेदन जिकिर र प्रत्यर्थी झिकाउने आदेश गर्दा संयुक्त इजलासले ग्रहण गरेको आधारसँग समेत यो इजलास सहमत हुन सकेन।

[4] ने.का.प भाग: ५१ साल: २०६६, महिना: चैत्र अंक: १२, नि. नं. ८२८५

[5] ने.का.प. भाग ६०, साल: २०७५, महिना: जेठ, अंक २, नि.नं.९९६१

[6] ने.का.प. भाग ५४, साल:२०६९, महिना: भाद्र, अङ्क ५, निर्णय नं.८८२५

६१. तसर्थ, माथि उल्लिखित मुद्दाको तथ्य, आधार, प्रमाण, कानुनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट पुनरावेदक प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई साबिक मुलुकी ऐन, कुटपिटको ६ नं. बमोजिम २ वर्ष कैद हुने ठहऱ्याई सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१०।०७ मा भएको फैसला केही उल्टी गरी साबिक मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ र १५ नं. को कसूरमा सोही महलको १५ नं. बमोजिम पाँच वर्ष कैद सजाय हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९/०४/२८ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिंदा सदर हुने ठहर्छ। अभियोग दावीबाट सफाई पाऊँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिएबमोजिम तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला सदर भई प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङलाई ज्यान मार्ने उद्योगको कसूरमा पाँच वर्ष कैद सजाय हुने ठहर भएकोले काठमाडौं जिल्ला अदालतमा रहेको निजको कैदको लगत अद्यावधिक गरी यी प्रतिवादी अनुसन्धानको क्रममा तथा सुरु काठमाडौं जिल्ला अदालतको फैसला बमोजिम मिति २०६१।१२।१८ देखि मिति २०६३।१२।१८ सम्म हिरासत तथा कैदमा बसेको र मिति २०७५।०१।०६ मा पक्राउ परी मिति २०७५।०९।०६ सम्म ८ महिना समेत कैदमा बसी जम्मा २ वर्ष ८ महिना कैद अवधि भुक्तान भइसकेको देखिंदा अब भुक्तान गर्न बाँकी २ वर्ष ४ महिना अवधिको कैदको कैदी पूर्जी जारी गरी कानूनबमोजिम असुल गर्नू भनी यो फैसलाको प्रतिलिपि सहित काठमाडौं जिल्ला अदालतलाई लेखी पठाउनू।

२. प्रस्तुत फैसलाको प्रतिलिपि सहित मुद्दा फैसला भएको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

३. यो फैसलाको प्रतिलिपि माग गर्ने सरोकारवालालाई नियमानुसार प्रतिलिपि दिनू।

४. यो फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा प्रविष्ट गरी फैसलाको पिठमा जनाउनू।

५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
न्यायाधीश

उक्त रायमा सहमत छु।

नहकुल सुवेदी
न्यायाधीश

इजलास अधिकृतः जमुना घिताल

कम्प्युटर टाइप गर्ने : शंकर सापकोटा

इति सम्वत् २०८१ कार्तिक २० गते रोज ३ शुभम्-------------------------------------।